**नेपाली / *NEPALI***

लागि: सबै विद्यार्थी, संकाय र स्टाफ

बाट: कुलपतिको कार्यालय

विषय: गर्मी महिनाहरूको लागि क्याम्पसको नीति

मिति: मे ११, २०२१

*तलको सन्देश मे १० पछि UW–Madison क्याम्पस पहुँच गर्न चाहने विद्यार्थीहरू, संकाय र कर्मचारीहरूका लागि लागू हुन्छ। यस जानकारीको संशोधन विकास भइरहेका जनस्वास्थ्य स्थितिको रूपमा गर्न सकिन्छ। अगस्ट १, जब क्याम्पस घनत्व बढ्ने आशा गरिनछ, भन्दा पहिले अपडेटको अपेक्षा गर्न सकिन्छ।*

*यस सन्देशमा समेटिएको छ*

- *गर्मी महिनाहरूमा भवन पहुँच*
- *चलिरहेको स्वास्थ्य प्रोटोकलहरू*
- *परीक्षण र खोप*
- *कार्यक्रमहरूको नीति*
- *यात्रा नीति*

हामीले २०२०-२१ शैक्षिक वर्ष सफलतापूर्वक पूरा गरिसकेका छौँ र क्याम्पसमा *COVID-19* स्वास्थ्य प्रोटोकोलमा तपाईंको ध्यानाकर्षण र समर्थनका लागि हामी फेरि हार्दिक धन्यवाद पठाउँदछौं !

वसन्त सेमेस्टरको अवधिमा हामीले ७००,००० भन्दा बढी परीक्षणहरू सम्पन्न गऱ्यौं, हाम्रो समुदायका ३२,००० भन्दा बढी सदस्यहरूले पूरा रूपमा खोप लगाएका छन् र सबैभन्दा महत्त्वपूर्ण कुरा, क्याम्पसमा हामीले एक न्यून स्तरको पोजिटिभ *COVID-19* का केसहरू अनुभव गऱ्यौं। तपाईंहरूको प्रयासहरूले गर्दा हामीलाई एक सफल वसन्त सेमेस्टर र व्यक्तिगत *Commencement* का कार्यक्रमहरू यस गएको वीकेन्डमा अनुमति मिल्यो।

क्याम्पसमा हामी गर्मी महिनाहरूमा जाँदै गर्दा, हामी हाम्रा केही *COVID-19* का प्रोटोकोलहरू परिमार्जन गर्दैछौं र *UW–Madison* का पाहुनाहरूका लागि फेरि खोल्दैछौं। तल, हामी फेरि सबैभन्दा महत्त्वपूर्ण बदलहरू बाँड्दैछौं:

## भवन/परिसर पहुँच

- मे १० बाट क्याम्पस फेरि पाहुनाहरूका लागि खुल्नेछ र धेरैजसो क्याम्पसका भवनहरूमा पस्न *Badger Badge* मा हरियो/भवन पहुँच स्वीकृति आवश्यक हुनेछैन। क्याम्पस परिसरका ढोकामा *Badger Wellness Ambassadors* हरूले अब *badge* हरू चेक गर्नेछैनन्।
- क्याम्पसका केही ठाउँहरूमा र विशेष कार्यक्रम वा गतिविधिहरूमा भाग लिन *Badger Badge* मा हरियो/भवन पहुँच स्वीकृति स्थिति आवश्यक हुन सक्दछ। ती तोकिएका ठाउँहरूमा चिह्न लगाएको हुनुपर्दछ र कर्मचारी र

कार्यक्रम आयोजकहरूले *badge* चेक गर्न सक्दछन्। *Safer Badgers app* चलाउन नसक्ने पाहुनाहरू यी ठाउँहरूमा पस्न सक्दैनन्।

- पहुँच वा सहभागिताको सर्तको रूपमा *Badger Badge* आवश्यक बनाउन, कर्मचारीहरूले पहिले तालिम र दर्ताको फाराम पूरा गर्नु पर्दछ। यस प्रक्रियाको पूरा विवरण अप्रिल १९ मा साझा गरिएको थियो।
- क्याम्पसका केही ठाउँहरू, जस्तै कि *UW* पुस्तकालयहरू र *Chazen* कला संग्रहालयले व्यक्तिगत रूपको भ्रमणको लागि समय बनाउने वा रिजर्भ गर्ने प्रणाली आवश्यक गर्नेछन्। थप रूपमा, *UW* पुस्तकालयहरू भित्र जान *Wiscard* आवश्यक छ।

### क्याम्पसको स्वास्थ्य प्रोटोकोल

- भवन भित्र हुँदा क्याम्पस बसमा चढ्दा वा विश्वविद्यालयको गाडीमा दुईजना वा बढी व्यक्तिहरू व्यक्तिहरू हुँदा मास्क लगाउन आवश्यक पर्दछ। बाहिर अब मास्क लगाउन आवश्यक छैन; तर भौतिक दूरी कायम राख्न सम्भव नभए मास्क लगाउन प्रोत्साहन गरिन्छ।
- यस महिनाको अन्त्यतिर क्याम्पस टुर फेरि सञ्चालन हुने क्रममा, बाहिर भए पनि सहभागीहरूले मास्क लगाउन आवश्यक हुन्छ।
- भौतिक दूरीको आवश्यकताहरू परिमार्जन भएका छैनन् र कम्तिमा ६ फिटको दूरीमा रहेका छन्।
- व्यक्तिहरूले *COVID-19* लक्षणहरूको लागि आफैँलाई निगरानीमा राख्न जारी राख्नुपर्दछ र यदि बिरामी महसुस गरेमा क्याम्पसमा आउनु हुँदैन।

### परीक्षण

- विद्यार्थीहरू र कर्मचारीहरूको लागि नि:शुल्क *COVID-19* परीक्षण क्याम्पसमा प्रदान गर्न जारी राखिनेछ। यसमा २०२१ वसन्त सेमेस्टरमा भर्ना भएका तर नयाँ *graduate* हरू सहित गर्मी सेमेस्टरमा भर्ना नभएका विद्यार्थीहरू समावेश छन्।
- परीक्षण *PCR* मा आधारित नाकबाट नमूना निकाल्ने परीक्षण प्रयोग गरिनेछ। यस गर्मी महिनाहरूमा कुनै *PCR* मा आधारित थुकमा परीक्षणहरू आयोजित गरिनेछैन।
- समय र ठाउँहरू *Safer Badgers app* वा *COVID-19* परीक्षणको वेबसाईटमा उपलब्ध छ। नतिजाको लागि २४ घण्टा जति लाग्न सक्दछ।
- पूरा रूपमा खोप नलगाएका तर कुनै परिसर वा कार्यक्रम पहुँच गर्न हरियो *Badger Badge* चाहिने विद्यार्थीहरू र कर्मचारीहरू प्रत्येक आठ दिनमा परीक्षण गर्नुपर्दछ। पूरा रूपमा खोप लगाएका व्यक्तिहरू परीक्षणबाट छूट पाएका छन् र *app* मा लक्षणहरू रिपोर्ट नगरेसम्म वा पोजिटिभ नतिजा नआएसम्म उनीहरूको *badge* हरियो रहनेछ।
- पूरा रूपमा खोप लगाएका व्यक्तिहरूमा *COVID-19* को लक्षण देखिएमा परीक्षण गर्नेछन् भन्ने अपेक्षा गरिन्छ।

### *COVID* खोप

- आफूलाई *COVID-19* बाट बचाउने सबैभन्दा उत्तम उपाय खोप लगाउनु हो।
- *UHS* ले *Pfizer, Moderna* र *Johnson & Johnson* खोप, उपलब्धता अनुसार क्याम्पस समुदायका सबै सदस्यरू र सर्वसाधारणलाई प्रदान गर्न जारी राखेको छ।

- *Nicholas Recreation Center* को खोप क्लिनिकमा खोप लगाउने समय बनाउन सल्लाह दिइन्छ तर आवश्यक छैन। समय र थप जानकारीका लागि, [go.wisc.edu/covid19vaccine](go.wisc.edu/covid19vaccine) वेबसाईट हेर्नुहोला।
- यदि तपाईंलाई विशेष खोपको प्रकार आवश्यक भएमा, *UHS* ले तपाईंलाई खोप लगाउने समय बनाउन सल्लाह दिँदछ किनकि समय नबनाइ खोप लगाउन आउनु भएमा विशेष खोपको ग्यारेन्टी हुँदैन।
- तपाईंले एक डोजको खोप पाउनुभएको दुई हप्ता पछि, वा क्याम्पसमा दुई डोजको खोपको दोस्रो खोप पाउनुभएपछि तपाईंको *Badger Badge* आफैं हरियो हुनेछ।
- क्याम्पस बाहिर खोप लगाएका विद्यार्थी र कर्मचारीहरूले खोपको रेकर्डहरू *MyUHS* मा अपलोड गर्नुपर्दछ: [https://covidresponse.wisc.edu/faq/i-was-vaccinated-off-campus-how-do-i-let-uhs-know/](https://covidresponse.wisc.edu/faq/i-was-vaccinated-off-campus-how-do-i-let-uhs-know/)

**कार्यक्रमहरू र क्याम्पस गतिविधिहरू**

क्याम्पस कार्यक्रमहरूको नीति *Public Health Madison & Dane County (PHMDC)* आपतकालीन आदेशको जारी, अहिले *PHMDC* आदेश # १६ अन्तर्गतको नयाँ जमघट/कार्यक्रम मार्गदर्शन अनुसार अपडेट गरीएको छ।s

- क्याम्पसको नयाँ कार्यक्रमहरूको नीतिले भित्र खाने पिउने जमघटको लागि ३५० व्यक्तिहरू र खाने पिउने नभएको जमघटको लागि ५०० व्यक्तिहरू, दुबैमा ६ फिटको भौतिक दूरी कायम राख्ने सहितको अनुमति दिँदछ।
- कार्यक्रमहरूमा प्रदान गरिएको सबै खाद्यान्न र पेय पदार्थ या त व्यावसायिक रूपमा पहिले नै सिङ्गो प्याकेज गरेको वा विश्वविद्यालय क्याटरिङ्गको कर्मचारीले प्रस्तुत गरेको हुनुपर्दछ। यदि खाना विश्वविद्यालयसँग सम्बद्ध नभएको रेस्टुरेन्ट वा क्याटरिङ्ग कम्पनीले प्रदान गर्दैछ भने, यो सिङ्गो प्याकेजिङ्गमा प्रदान गरिनु पर्दछ।
- सबै भित्रका जमघटहरूका लागि खाँदा वा पिउँदा बाहेक मास्क आवश्यक छ। यदि भौतिक दूरी कायम गर्न सकिन्छ भने बाहिरी जमघटहरूको लागि मास्कहरू आवश्यक पर्दैन।
- पाहुना र आगन्तुकहरूलाई पनि *UW-Madison* ले आयोजना गरेका क्याम्पस भित्र वा बाहिरका कार्यक्रमहरूमा, कार्यक्रम प्रायोजकले उपस्थिति हरियो *Badger Badge* को लागि मात्र सीमित नगरेको खण्डमा उपस्थित हुन अनुमति दिइनेछ।
- तेस्रो-पार्टीका कार्यक्रमहरूलाई (विश्वविद्यालयले आयोजना नगरेका कार्यक्रमहरू) अनुमति दिईनेछैन।

**दर्ता भएका विद्यार्थी संगठन (*RSOs*) र स्कूल/कलेज/विभागका लागि हालका पोस्ट गरिएको छ।**

**यात्रा नीति**

हालमा विश्वविद्यालय प्रायोजित सबै हवाई यात्रा वा राती बस्नुपर्ने यात्रा रद्द नै रहन्छन्। सीमित अवस्थाहरूमा, शैक्षिक डिन वा उपकुलपतिहरूले छूट दिन सक्दछन्। यात्रा आदेशबाट छूट चाहने कर्मचारीहरूले *Essential Travel Exemption Form* भरेर पूरा गर्नुपर्नेछ।

दर्ता भएका विद्यार्थी संगठनहरू (*RSOs*) सवारीसाधन क्षमताको ५०% सम्म सीमित जस्ता हालको स्वास्थ्य प्रोटोकलहरू पालना गरेका छन् भने अगाडिको स्वीकृति बिना डेन काउन्टी भित्र यात्रा गर्न सक्दछन्। डेन काउन्टी बाहिर यात्रा गर्ने वा जहाँ भएपनि राति बस्नुपर्ने *RSOs* ले विद्यार्थी मामिलाका उपकुलपति वा नियुक्त व्यक्तिबाट स्वीकृति पाउन आवश्यक छ।

अनुरोधहरू *Center for Leadership & Involvement* ले हेर्नेछ र यस फाराम मार्फत कम्तिमा १४ क्यालेन्डर दिन अघि नै बुझाउनुपर्नेछ। थप विवरणहरूको लागि मार्च २४, २०२१ को घोषणा हेर्नुहोला।

**यो अन्तिम योजना बनाइएको साप्ताहिक अपडेट हो। शरद सेमेस्टर २०२१ का विशेष जानकारीको अझै अन्तिम निणर्य बनाइँदै छ र उपलब्ध हुने बित्तिकै यो साझा गरिनेछ।**

थप विवरण र यी नीतिहरूका *FAQ* आवश्यक भए अनुसार यो वेबसाईटमा अपडेट गरिनेछ https://covidresponse.wisc.edu/faq/

थप जानकारीका लागि यहाँ ईमेल पठाउनुहोला covidresponse@vc.wisc.edu